कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
प.सं./Ref. No.
च.नं.

Agriculture and Forestry University
**Faculty of Agriculture**
Office of the Dean
Rampur, Chitwan, Nepal

मिति/Date: ..........................

मिति : २०८०/१०/२३

## कृषि स्नातकोत्तर M.Sc.Ag./ M.Sc.Ag.(Biotechnology) तहको प्रवेश परीक्षाको अनलाईन आवेदन फाराम भर्ने सम्बन्धी संशोधित सूचना

शैक्षिक सत्र २०८०/०८१ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय, रामपुर, चितवनमा संचालन हुने M.Sc.Ag./ M.Sc.Ag.(Biotechnology)तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट Online आवेदन माग गरिएको छ। उक्त तहको भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, बैंक भौचर र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्नेछ । साथै नेपाल सरकारबाट स्थापित विश्वविद्यालय वा शैक्षिक संस्था बाहेक अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाबाट एस.एल.सी., प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ , स्नातक तह वा सो सरह उर्त्तीण भएका आवेदकहरुले समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) र मुल प्रमाणपत्र ( Certificate) वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) को प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यता : कृषि स्नातक (B.Sc.Ag.) वा सो सरहको परीक्षामा कम्तीमा ५०% वा 2.0 CGPA ल्याई उर्त्तीण गरेको साथै न्यूनतम Schooling १६ वर्ष हुनुपर्नेछ ।**
**योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परिक्षामा समावेश गराईने छैन ।**

**२) आवेदन फाराम शुल्कः** आवेदन फाराम र प्रवेश परीक्षाको जम्मा शुल्क **रु.३५००/(तीन हजार पाँचसय) मात्र** Siddhartha Bank Limited, Narayangarh शाखामा रहेको AFU Entrance Examination नाममा Call Deposit No. 00815263460 मा रकम जम्मा गर्नुपर्नेछ । बैंक भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम र फोन नम्बर अनिवार्य लेखिएको हुनु पर्नेछ । आवेदन फाराम र प्रवेश परीक्षाको शुल्क e-sewa, Khalti तथा Connect IPS बाट पनि रकम जम्मा गर्न सकिनेछ ।

**३) आवेदन फाराम बुझाउने अवधिः** मिति २०८० माघ १६ गतेदेखि ०८० फागुन १२ गते राती १२:०० बजेभित्र यस विश्वविद्यालयको वेभसाईट **https://entrance.afu.edu.np** बाट आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा ईमेल गरि सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपमा नभरिएको आवेदन उपर कुनै कारवाही हुने छैन ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजातहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर आदि नपुग भएमा नपुग कागजातहरु Online बाटै निर्धारित समयभित्र बुझाउनु पर्नेछ । अन्यथा बैंकमा जम्मा भएको रकम फिर्ता हुनेछैन ।

**५) प्रवेश परीक्षा हुने मिति, समय र स्थानः** २०८० फागुन १४ गते बिहान ११:०० बजे । डीनको कार्यालय परिसर, कृषि संकाय, रामपुर, चितवन ।

**६) प्रवेश पत्र वितरण मितिः** २०८० फागुन १३ गते Online विधिद्वारा www.afu.edu.np बाट प्रवेशपत्र Download गरी Color Print गर्नु पर्नेछ ।

**७) प्रवेश परीक्षाको नतिजा तथा मेरिट लिष्ट प्रकाशन:** २०८० फागुन १४ गते ।

**८) भर्ना मिति:** २०८० फागुन १६ गते ।

९) **Course Registration र कक्षा सुरु:** २०८० फागुन २३ गते ।

**१०) भर्नाको आधार:** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई शत प्रतिशत अंकभार दिईनेछ । सोको आधारमा योग्यता क्रमको सूची (**Merit List** ) तयार गरी योग्यताको क्रमानुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत कायम गरिएको छ । प्राप्तांक बराबर भएमा स्नातक तहको प्रतिशत/CGPA, सो बराबर भएमा +2 वा सो सरह, सो सरह पनि बराबर भएमा +2 का क्रमश: Biology/ Chemistry/English/Mathematics विषयको Grade/Percentage को आधारमा मेरिट सूची प्रकाशित गरिनेछ ।

**११) M.Sc.Ag. /M.Sc. (Ag.Biotechnology)** तहको लागि स्नातक तहको पाठ्यक्रमबाट निम्न विषयहरुमा कुल १२० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र **बहुछनौटिय वस्तुगत किसिम** (**Multiple Choice Objective Type**) को हुनेछ । साथै परीक्षा समय एक (१) घण्टा तीस(३०) मिनेटको हुनेछ । प्रवेश परीक्षामा समावेश हुने विषयहरु र प्रश्न संख्या निम्नानुसारका हुनेछन् ।

| | | |
|---|---|---|
| **क) बाली विज्ञान : १२** | **ख) बागवानी विज्ञान : १२** | **ग) माटो विज्ञान : १२** |
| **घ) कीट विज्ञान : १२** | **ङ) बाली प्रजनन : १२** | **च) बाली रोग विज्ञान : १२** |
| **छ) कृषि अर्थशास्त्र एवं कृषि व्यवसाय व्यवस्थापन : १२** | | **ज) कृषि प्रसार एवं ग्रामिण समाजशास्त्र : १२** |
| **झ) कन्जरभेसन ईकोलोजी र कृषि तथ्याङ्कशास्त्र : १२** | | **ञ) बायोकेमेस्ट्री र बायोटेक्नोलोजी : १२** |

**१२)** M.Sc.Ag. /M.Sc.Ag.(Biotechnology)मा अध्यापन गराईने विभिन्न विषयहरुमा तपशिलको संख्यामा जम्मा १२६ जना विद्यार्थी भर्ना लिईनेछ । उपरोक्त संख्या विश्वविद्यालयसँग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थाहरुबाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु र कृषि तथा वन विश्वविद्यालयबाट सिफारिस भई आउने व्यक्तिहरु उल्लेखित संख्याहरुमा समावेश गरिएको छैन । साथै मनोनयन तथा सिफारिस भई आउने व्यक्तिहरुले प्रवेश परिक्षामा सामेल हुन नपर्ने व्यहोरा जानकारी गराईन्छ ।

| | | |
|---|---|---|
| क) बाली विज्ञान :६ | ख) वीड साईन्स : ३ | ग) सिड साईन्स एण्ड टेक्नोलोजी : ३ |
| घ) बागवानी विज्ञान : १५ | ङ) माटो विज्ञान : ९ | च) कीट विज्ञान : ९ |
| छ) बाली प्रजनन् : १२ | ज) बालीरोग विज्ञान : ९ | झ) कृषि अर्थशास्त्र : १५ |
| ञ) कृषि व्यवसाय व्यवस्थापन :६ | ट) कृषि प्रसार : १२ | ठ) ग्रामिण समाजशास्त्र : ६ |
| ड) कृषि वनस्पति तथा पर्यावरण संरक्षण : १२ | | ढ) जैविक प्रविधि : ९ |

**१३) आवेदन फाराम बुझाउदा निम्न लिखित कागजातहरु क्रमबद्ध राखी बुझाउनुपर्नेछ ।**

क) सक्कल बैंक भौचर
ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो
ग) नेपाली नागरिकताको प्रमाणपत्र
घ) एस.एल.सी.वा एस.ई.ई.को Mark Sheet/ Grade Sheet, Character Certificate
ङ) प्रमाणपत्र तह वा १२ कक्षाको Transcript, Provisional Certificate र Character Certificate
च) स्नातक तहको Transcript, Provisional Certificate/Original Certificate र Character Certificate
छ) नेपाल सरकारबाट स्थापित विश्वविद्यालय वा शैक्षिक संस्था बाहेक अन्य विश्वविद्यालय वा शैक्षिक संस्थाबाट उत्तीर्ण गरेको भएमा समानस्तर निर्धारण (Equivalence Certificate) को प्रमाणपत्र

**१४)** भर्ना हुन आउदा आवेदन फाराममा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका सक्कलै प्रमाणपत्रहरु अनिवार्य रुपमा बुझाउनुपर्नेछ । साथै भर्ना भएको विषय परिवर्तन गरिनेछैन ।

**१५)** कुनै विषयमा तीन जनाभन्दा कम विद्यार्थीहरु भर्ना भएमा सो विषयको अध्ययन अध्यापन नहुने व्यहोरा पनि जानकारी गराईन्छ ।

१६) अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेका र AFU बाट उत्तीर्ण भई Migration Certificate निकाली सकेका विद्यार्थीहरुले भर्ना भई AFU Registration गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपमा बुझाउनुपर्नेछ। यदि उक्त Migration Certificate नबुझाई AFU Registration गर्न समस्या भएमा सोको जिम्मेवारी विश्वविद्यालयले लिनेछैन।

१७) भर्ना सम्बन्धी सम्पूर्ण अधिकार कृषि संकाय, डीनको कार्यालयमा निहित हुनेछ।

१८) प्रत्येक विषयको सैद्धान्तिक र प्रयोगात्मक कक्षामा कम्तिमा ७०(सत्तरी) प्रतिशत हाजिरी भएका विद्यार्थीलाई मात्र सेमेष्टरको परिक्षामा समावेश गराईनेछ ।

१९) **Fee Structure** यस प्रकार हुनेछ।

| | |
|---|---|
| **M. Sc. Ag.:** | |
| **Competitive Subsidized Student Fee (NRs.)** | |
| Admission Fee: | 20,000/ (One-time payment) |
| Semester Fee: | 9,500/ (Per Semester) |
| Tuition Fee: | 2000/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs.148,000/ |
| **Competitive Full Pay Student Fee (NRs.)** | |
| Admission Fee: | 40,000/ (One-time payment) |
| Semester Fee: | 19,000/ (Per Semester) |
| Tuition Fee: | 4,000/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs. 296,000/ |
| **M.Sc. Ag. (Biotechnology):** | |
| **Competitive Subsidized Student Fee (NRs.)** | |
| Admission Fee: | 29,200/ (One-time payment) |
| Semester Fee: | 12,100/ (Per Semester) |
| Tuition Fee: | 2350/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs. 183,350/ |
| **Competitive Full Pay Student Fee (NRs.)** | |
| Admission Fee: | 58,400/ (One-time payment) |
| Semester Fee: | 24200// Semester |
| Tuition Fee: | 4700/credit hr.(45credit) |
| Total Fee with minimum required credit hours: | NRs. 366,700/ |

**नोट :**

- अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेका र AFU बाट उत्तीर्ण भई Migration Certificate निकालिसकेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय दर्ता शुल्कबापत थप रु७५०। तिर्नुपर्नेछ।
- माथि उल्लेखित शुल्कमा सेमेष्टर परिक्षाको शुल्क समावेश गरिएको छैन।
- M.Sc.Ag. /M.Sc. Ag. (Biotechnology) को कुनै पनि विभागमा ६ जनासम्म विद्यार्थी भर्ना हुने भएमा १ जना र ६ जना भन्दा बढी विद्यार्थी भर्ना हुने भएमा २ जनालाई Subsidized Fee मा भर्ना गरिनेछ।

प्रा.डा.अर्जुन कुमार श्रेष्ठ
डीन

डीन

टेलिफोन : +९७७-५६-५९११४१, ५२०६०२/फ्याक्सः +९७७-५६-५२०६०२, ५९१०२१
Tel.: +977-56-591141, 520602 / Fax : +977-56-520602, 591021
www.afu.edu.np